नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०
सानोठिमी, भक्तपुर

पत्र संख्याः २०७९/८०
च.नं. : ६९(परीक्षा)

मितिः२०७९/१२/१६

विषयः स्पष्ट पारिएको।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै।

उपर्युक्त सम्बन्धमा जिल्लाहरुबाट स्पष्ट हुन राखिएका जिज्ञासाहरुको सम्बन्धमा निम्नानुसार स्पष्ट पारिएको व्यहोरा अनुरोध छ।

तपसिलः

| क्र.स. | जिज्ञासा | गर्नुपर्ने |
|---|---|---|
| १ | प्राविधिक धारका विषयहरुको पोका छुट्टै गर्ने कि के गर्ने ? | प्राविधिक धार तर्फका अनिवार्य विषयहरुको उत्तरपुस्तिकालाई एउटै पोकामा साधारण धारका परीक्षार्थीको उत्तरपुस्तिका राखि सकेपछिको क्रममा राख्ने। प्राविधिक धार तर्फका अन्य विषयहरुका लागि छुट्टै पोका बनाउने। |
| २ | दृष्टिविहीन विद्यार्थीको प्रश्नपत्र सम्बन्धमा | प्रश्नपत्र प्याकिङ गर्नु भन्दा अगाडि जिल्लाहरुबाट तथ्याङ्क प्राप्त भएका परीक्षार्थीहरुको लागि गणित विषयको छुट्टै प्रश्नपत्र जिल्लाको केन्द्र नं १ मा राखि पठाइएको हुँदा जिल्लाबाट सम्बन्धित परीक्षार्थी सहभागी हुने केन्द्रमा पठाउने व्यवस्था गर्ने। तथ्याङ्क प्राप्त हुन नसकि छुट भएकाको हकमा परीक्षार्थी सहभागी हुने केन्द्रको केन्द्राध्यक्षको इमेलमा प्रश्नपत्र पठाइने हुँदा उक्त केन्द्राध्यको इमेल सहितको पत्र यस कार्यालयको इमेल seegrade10@gmali.com मा पठाउनु हुन। उक्त विद्यार्थीहरुको उत्तरपुस्तिका सिधै पनिका कक्षा १० मा पठाउने। |
| ३ | ग्रेडबृद्धि परीक्षार्थीको उत्तरपुस्तिकाको पोका छुट्टै बनाउने वा नबनाउने। | नियमित र ग्रेडबृद्धि परिक्षार्थीहरुको प्रश्नपत्र एउटै भएको हुँदा छुट्टै पोका बनाउनु नपर्ने। विद्यालयगत नियमित परीक्षार्थीहरुको उत्तरपुस्तिका राखी त्यस पछिको क्रममा ग्रेडबृद्धिको उत्तरपुस्तिका राखी पठाउने। |
| ४ | प्राविधिक धार तर्फ Extra Maths को प्रश्नपत्र सम्बन्धमा। | प्राविधिक धार तर्फको Extra Maths र साधारण तर्फको OPT Maths को प्रश्नपत्र र परीक्षा मिति एउटै भएको हुँदा २३१ कोडको प्रश्नपत्र प्रयोग गर्ने। |
| ५ | परीक्षार्थीको हाजिरी उत्तरपुस्तिकाको पोकामा राख्ने वा नराख्ने ? | परीक्षार्थीको हाजिरी उत्तरपुस्तिकाको पोकामा नराख्ने। १ प्रति केन्द्राध्यक्षले राखी १ प्रति शिक्षा विकास तथा समन्वय इकाइ मार्फत परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० मा पठाउने। |
| ६ | मलेप फाराम सम्बन्धमा | पठनपाठनमा पुरानो मलेप फाराम अभ्यास गरेका परीक्षार्थीहरुले आफैले फाराम लगि सम्बन्धित निरीक्षकको हस्ताक्षर गराइ प्रयोग गर्न सकिने र नयाँ फाराम अभ्यास गरेकाको हकमा प्रश्नपत्रसँगै फाराम उपलव्ध हुने। |
| ७ | प्रश्नपत्र नपुग भएमा | कुनै केन्द्रमा कुनै विषयको प्रश्नपत्र नपुग भएमा यस कार्यालयको इमेल seegrade10@gmali.com वा तल उल्लेखित मोवाइल नं. हरुमा केन्द्राध्यको इमेल ठेगाना उपलव्ध गराउने र सोही इमेलमा प्रश्नपत्र पठाइने छ। |

नोटः परीक्षा सम्बन्धी नियमित अपडेटको लागि यस कार्यालयको वेवसाइट www.see.gov.np मा हेर्नु हुन र अडियो नोटिस बोर्ड 1618-01-6631146 मा सुन्नु हुन अनुरोध छ।

परीक्षा सम्बन्धी जानकारीको लागि निम्नानुसारको मोवाइल नं. मा सम्पर्क गर्नुहुनः

| क्र.स. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | लोकनाथ आचार्य | उप नियन्त्रक | 9856002533 |
| २ | भक्तबहादुर गोदार | उप नियन्त्रक | 9860428336 |
| ३ | यमुना पौडेल | शा.अ. | 9849616084 |
| ४ | साधुराम पौड्याल | शा.अ. | 9856060981 |

०७९/१२/१६

विष्णु नारायण श्रेष्ठ
का.मु. नियन्त्रक